# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, जेठ २८ गते, २०७७ साल (अतिरिक्ताङ्क १०(ख)

## भाग ५

नेपाल सरकार

### शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको

### सूचना

नेपाल सरकारले कोभिड-१९ महामारीको सङ्क्रमण बढ्दै गइरहेको र सोबाट विद्यार्थीहरूको पठनपाठन तथा परीक्षाका कार्य अवरूद्ध हुनुको साथै निकट भविष्यमा परीक्षा सञ्चालन गर्न सम्भव नभएकोले महामारीले सिर्जना गरेको परिस्थितिजन्य बाध्यताको कारण

शिक्षा ऐन, २०२८ को दफा २० बमोजिम देहाय बमोजिमको आदेश जारी गरेको छः-

(क) शैक्षिक सत्र २०७६ को माध्यमिक शिक्षा कक्षा दशको अन्त्यमा हुने माध्यमिक शिक्षा परीक्षा (Secondary Education Examination) को हकमा विद्यालयद्वारा गरिएको अन्तिम मूल्याङ्कनको विवरण सम्बन्धित विद्यालयले सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाईले प्रमाणित गरी राष्ट्रिय परीक्षा बोर्डमा पठाउने,

(ख) खण्ड (क) बमोजिम प्राप्त भएको विवरणका आधारमा राष्ट्रिय परीक्षा बोर्डले परीक्षाफल तयार गर्ने, प्रकाशन गर्ने, प्रमाणीकरण गर्ने र प्रमाणपत्र जारी गर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिमको कार्य गर्न राष्ट्रिय परीक्षा बोर्डले आवश्यक कार्यविधि बनाउन सक्ने ।

**आज्ञाले,**
**डा. संजय शर्मा**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३